# प्रेस विज्ञप्ती

१. गृह मन्त्रालय र कर्णाली प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयको संयुक्त आयोजनामा २ दिने प्रादेशिक सुरक्षा गोष्ठी मिति २०७६ माघ १० र ११ गते कर्णाली प्रदेशको सुर्खेतमा सम्पन्न भयो । उक्त गोष्ठीमा सो प्रदेश अन्तर्गतका १० वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी लगायत सुरक्षा निकायका प्रमुखहरुको उपस्थिति रहेको थियो ।

२. गोष्ठीको पहिलो दिन माघ १० गतेको कार्यक्रमको अध्यक्षता आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्री नरेश भण्डारीले गर्नुभएको । कार्यक्रमका सहभागीहरुलाई सोही मन्त्रालयका सचिव बिरेन्द्र कुमार यादवले स्वागत गर्नु भएको । उक्त कार्यक्रममा गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धन विभागबाट प्रस्तुतीकरण गरिएको । कार्यक्रमको अन्त्यमा प्रमुख सचिव केवल प्रसाद भण्डारीले सहभागीहरुलाई सुशासन कायम गर्ने विषयमा निर्देशन दिदै छुट्टै पहिचान बोकेको कर्णाली प्रदेशलाई ध्यानमा राखेर विशेष कार्यक्रमहरु संचालन गर्नुपर्ने कुरामा जोड दिनु भएको ।

३. गोष्ठीको दोस्रो दिन माघ ११ गते सुरक्षा गोष्ठी कार्यक्रमको अध्यक्षता आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्री नरेश भण्डारीले गर्नुभएको । सो दिन प्रदेश भित्रका सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुबाट आ-आफ्नो जिल्लाको सुरक्षा लगायत अन्य समग्र अवस्थाको बारेमा प्रस्तुतीकरण गरिएको । प्रस्तुतीकरण पछि गृह सचिव श्री प्रेम कुमार राई, कर्णाली प्रदेशका मुख्य मन्त्री माननीय महेन्द्र बहादुर शाही र माननीय गृहमन्त्री राम बहादुर थापा 'बादल'ले सहभागीहरुलाई सम्बोधन एवं निर्देशन दिनुभएको ।

४. गृह सचिव श्री प्रेम कुमार राईले प्र.जि.अ ले जिल्लाभित्र शान्ति सुरक्षा कायम गर्दै अपराध नियन्त्रणको माध्यमबाट सेवा प्रवाहमा सुधार र सुशासन कायम गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताउनु भएको । साथै जिल्लाभित्र घट्ने संविधान र कानून विरोधी कुनैपनि गतिविधिमा कुनै प्रकारको संझौता नगरी कानूनी शासन कायम गर्न प्रतिबद्ध रहन निर्देशन दिनुभयो । त्यस्तै आफ्नो कार्य सम्पादन गर्ने शिलसिलामा संघीय सरकार लगायत प्रदेश सरकार र स्थानीय तहबीच समेत प्रभावकारी समन्वय र सहकार्य गर्न गराउन निर्देशन दिनु भएको ।

५. माननीय मूख्यमन्त्री महेन्द्र बहादुर शाहीले संघीय सरकारले प्रदेशमा दक्ष र सक्षम कर्मचारी पठाउन अनुरोध गर्दै खटिने कर्मचारीले पनि बदलिदो परिस्थिति अनुरुप आफ्नो कार्य सम्पादनमा सुधार गर्नुपर्ने कुरा बताउनु भएको । साथै प्रमुख जिल्ला अधिकारीले पनि आफ्नो कार्य सम्पादन गर्ने क्रममा संघीय सरकारसँग मात्र नभई प्रदेश सरकारसँग पनि सहयोग, समन्वय र सहकार्य गर्नपर्ने भनाई राख्नु भएको । त्यस्तै प्रदेशको समग्र विकासको लागि प्रदेश अन्तर्गतका सबै सुरक्षा निकायहरुले सकरात्मक सोचका साथ काम गर्नुपर्ने कुरामा जोड दिनुभएको ।

६. उक्त कार्यक्रमलाई सम्बोधन गर्दै माननीय गृहमन्त्री राम बहादुर थापा 'बादल'ले संमृद्धि र विकासका लागि सुशासन अनिवार्य भएको, देशको अर्थतन्त्रका सूचकहरु सकारात्मक र सुधारोन्मुख रहेको, सुशासन कायम गर्न शान्ति सुरक्षा र अमनचयन जरुरी भएकोले मन्त्रालयले यसमा विशेष जोड दिएको कुरा बताउनु भएको । भष्ट्राचार र अनियमितता बिरुद्धको अभियान निरन्तर अगाडि बढी रहेको र यसमा सरकारले शुन्य सहनशिलताको नीति लिएकोले हाले प्रकाशित Transparency International को CPI Index मा नेपाल गत वर्ष भन्दा ११ स्थान अगाडि आएको बताउनु भएको । त्यस्तै लगानी सम्मेलन पश्चात राष्ट्रिय तथा अन्तराष्ट्रिय लगानीको प्रतिबद्धता बढिरहेको हुँदा यसले विकास र समृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भएको । संसद्को यो अधिवेशन विधेयक अधिवेशनको रुपमा हुने हुँदा छलफलमा रहेका र प्रस्तावित विधेयकहरु यसै अधिवेशनबाट पारित हुने भएकोले यसबाट प्रदेश कानून निर्माणमा समेत सहयोग पुग्ने बताउनु भएको । भौतिक पूर्वाधारका क्षेत्रमा योगदान पुर्याउने उद्देश्य बमोजिम नेपाल सरकार र अमेरिकी सरकारबीच विगत सरकारकै पालामा MCC संझौता भएको, सो संझौताको प्राबधान बमोजिम यसै अधिवेशनबाट उक्त संझौता पारित हुने विश्वास व्यक्त गर्नुभएको । प्रतिबन्धित विप्लव समूहका संविधान र कानून विरोधी गतिविधिलाई प्रशासनिक तथा कानूनी विधिबाट नियन्त्रण गर्नुका साथै सो समूहसँग अनौपचारिक रुपमा छलफल र वार्ताको प्रयास भैरहेको समेत जानकारी गराउनु भएको । अपराध मुक्त समाज निर्माणमा सरकारको ध्यान केन्द्रीत रहेको, कानून भन्दा माथि कोही हुदैन भन्ने सन्देश प्रवाह भईरहेको, साथै राजनीतिक, सामाजिक, आर्थिक, प्रशासनिक तथा अन्य जुनसुकै आवरणमा हुने अपराधजन्य कार्य नियन्त्रण गर्न सरकार प्रतिबद्ध रहेको र यसमा कोही कसैसँग संझौता नहुने कुरा बताउनु भएको । संघ, प्रदेश र स्थानीय तहका सरकारले नागरिकका अपेक्षा र भावना बमोजिम सहयोगात्मक र समन्वयात्मक रुपमा कार्य गर्नुपर्ने र यसमा जिल्लास्थित सवै सुरक्षा निकायहरु र विषयगत कार्यालयहरुबीच आपसी सहयोग र समन्वय गरी कार्य गर्न जरुरी भएको कुरा बताउनु भयो ।

७. उक्त गोष्ठीको समापन मन्तव्य दिदै अध्यक्षता ग्रहण गर्नुभएका माननीय मन्त्री नरेश भण्डारीले सहभागी सवैलाई धन्यवाद दिनुभयो । त्यस्तै विगत वर्ष भन्दा यस वर्ष शान्ति सुरक्षामा सुधार आएको, बदलिदो परिस्थिति अनुरुप संगठन संरचना, कर्मचारी व्यवस्थापन, दक्षता बृद्धि र स्रोत साधनको व्यवस्थापन हुनुपर्नेमा जोड दिनुभयो । प्रदेश भित्रका सुरक्षा निकायमा स्रोत साधनको अभाव भएको, सूचना संकलनमा बजेट हुनुपर्ने, संघीय प्रहरी ऐन पारित भएपछि प्रदेश प्रहरी ऐन ल्याइने, सबल रणनीतिकासाथ सुरक्षा निकाय परिचालित हुनुपर्ने लगायतका विषयमा जोड दिनु भएको । यस प्रकारको संयुक्त कार्यक्रमले सुरक्षा व्यवस्थापन तथा कानून कार्यान्वयन गर्ने कार्यमा थप हौसला मिलेको बताउनु भयो ।

२०७६।१०।११

मितिः २०७६/१०/११

केदारनाथ शर्मा
प्रवक्ता
गृह मन्त्रालय (हाल सुर्खेत)